नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ४३ २०७७ साल भदौं २३ गते मंगलबार (8 Sep. 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सन्तानको सौर्य ... ३ पृष्ठमा : दैनिक रु ३ करोड ... ३ पृष्ठमा : बेलायतमा कोभिड -१९ ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भारतीय यूवाहरुको आक्रमणबाट नेपाली किसानको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौं ।**

भारतीय यूवाहरुको कुटाईबाट गम्भिर घाइते भएका एक नेपाली किसानको उपचारका क्रममा सोमबार मृत्यु भएको छ ।

सप्तरीको डाक्नेश्वरी नगपालिका ६ कटैया निवासी ५५ वर्षिय रामदेव यादवको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो ।

गत भदौं ६ गते ५/६ जनाको समूहमा रहेका भारतीय युवाहरुले नेपालतर्फको धान खेतमा गाइबस्तु ल्याएर चराउन थालेको विषयमा उनलाई कुटपिट गरेको थिए । भारतीय पशुचौपायाले आफ्नो खेतमा लगाएको धानबाली नष्ट गर्न थालेपछि यादव र उनका २७ वर्षिय छोरा ललनले ती युवाहरुलाई गाली गरेपछि उनीहरुले बाबु छोरालाई बाँसको लाठी तथा घरेलु हतियारले आक्रमण गरेका थिए ।



सो आक्रमणबाट गम्भिर अवस्थामा रामदेवलाई उपचारका लागि विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा सोमबार बिहान उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कुटपिटमा संलग्न भारत बिहार राज्यको लौकही जिल्ला करिऔत ग्रामपञ्चायत निवासी ३६ वर्षिय प्रदीप यादवलाई घटनाकै दिन पक्राउ गरि इलाका प्रहरी कार्यालय कल्याणपुरमा राखिएको छ । यता अन्य फरार रहेकाहरुको भारतीय सुरक्षा अधिकारीको समन्वयमा खोजि कार्य जारि रहेको इलाका प्रहरी कार्यालय पातोका इन्चार्ज नवीनकुमार झाले जानकारी दिएका छन् ।

# चार किल्ला तोकेर राजविराज नगर क्षेत्रमा सात दिनका लागि निषेधाज्ञा थप

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौं ।**

कोरोना संक्रमणको जोखिम बढदै गएपछि स्थानिय प्रशासनले राजविराज नगर क्षेत्रमा चार किल्ला तोकेर मंगलबारदेखी थप ७ दिनका लागि निषेधाज्ञा बढाएको छ । यसअघि जारि गरिएको निषेधाज्ञाको समय सोमबारराति १२ बजे सकिदैछ ।

स्थानिय प्रशासनले पूर्वमा खाँडो नदी, उत्तरमा कोशी पम्प चन्द्र नहर, पशि्चममा छिन्नमस्ता डेरी (सिरहा रोड) नजिकको नाला र दक्षिणमा लिलजा टोल/बागेश्वरी मन्दिर सम्ममा भदौं २९ सम्म निषेधाज्ञा जारि गरेको हो ।

सोमबार प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यको अध्यक्षतामा बसेको सुरक्षा समितिका बैठकले सो निर्णय गर्दै यसअवधीमा तरकारी, फलफुल, खाद्यान्न लगायतका अत्यावश्यक सामाग्रिका पसलहरु बिहान ५ बजेदेखी १० बजेसम्म मात्र खोल्न दिइने अनुमति दिइएको छ ।

जिल्लामा कोरोना संक्रमित बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालयले पहिलो पटक साउन ८ गते रातीबाट जिल्लाभर नै एक साताका लागि निषेधाज्ञा जारि गरेको थियो । त्यसपछि पनि कोरोनाको जोखिम कायमै रहेको भन्दै जिल्ला कोभिड १९ संकट व्यवस्थापन समितिको बैठकले पटक पटक निषेधाज्ञाको म्याद बढाउँदै लगेको छ ।

*बाँकी दुई पृष्ठमा*

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

# गरिब, असाहयप्रति ध्यान पुगोस्

विकासीय कार्यमा केही फडको मार्दै गइरहेको सप्तरी जिल्लामा अहिले माहामारीका कारण पुनः विकासीय कार्य ठप्प भएको छ। दशकौंदेखी विकासमा पछाडी परेको यस जिल्लामा शिक्षा तथा स्वास्थ्य क्षेत्रले थोरै भएपनि विकासमा गति लिएको थियो। कोरोना माहामारी कारण अहिले जनता त्रसित छन्। जसले गर्दा विकासीय मात्र नभएर अन्य कामकाज समेत ठप्प रहेको छ। माहामारी नियन्त्रण तथा रोकथाम गर्नका लागि सरकार प्रयासरत रहेपनि उपलब्धी हात परेको छैन्। यसका लागि जनताको समेत साथ मिलेमात्र माहामारीलाई नियन्त्रण गर्न सकिन्छ।

विगत ६ महिनादेखी अतिआवश्यक कामकाज बाहेक सम्पूर्ण कार्य ठप्प रहेको छ। यस अवस्थामा सबै मानिसहरु घरमै बस्न बाधय छन्। कोरोना मानिसबाट मानिसमा सर्ने रोग भएकोले सबैजना सतर्क रही घरमै छन्। माहामारी कहिले नियन्त्रण हुने बारे कसैले आंकलन गर्न सकिरहेका छैनन्।

तसर्थ माहामारीको फायदा उठाएर कसैले पनि गलत काम गर्नुहुँदैन्। यस्तो बेलामा सक्दो गरिब, असाहयलाई सहयोग गर्न तत्परता देखाउनु जरुरी छ। तसर्थ माहामारीको समयमा विकासीय कार्यलाई केही क्षण बिश्राम दिई जनता सेवामा कार्य गर्नु आवश्यक छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सन्तानको सौर्य वृद्धि र कल्याण नै जितियाको अभीष्ट

महोत्तरी, २२ भदौ (रासस)।

महोत्तरीसहितका मिथिलाक्षेत्रमा अहिले घरघरैजसो 'जितिया' पर्वको चर्चा छ। मध्यपूर्वी तराईका जिल्लामा पितृपक्ष (सोह्रश्राद्ध) शुरु भएसँगै पुत्रवती (सन्तानवती) मिथिलानी (मिथिलाका नारी) हरुमा जितिया पर्वको तयारी देखिएको हो।

तराईको पौराणिक र पारम्परिक महत्वको मिथिला क्षेत्रमा पितृपक्ष (असोज कृष्णपक्ष) शुरु हुनासाथै पुत्रवती मिथिलानीले जितियाको चर्चा र तयारी थाल्ने पुरानो परम्परा हो। सन्तानको सौर्य वृद्धि र कल्याणको कामनासहित मनाइने यो पर्व यसपालि आउने बिहीबार (भदौ २५ गते) परेको छ।

पुत्रवती महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ। पितृपक्ष शुरु हुनासाथै बर्तालु महिला आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्ने पुरानो मैथिल परम्परा हो। यसअनुसार पितृपक्ष शुरु भएसँगै मिथिलानी आत्मिक र दैहिक शुद्धिसँगै जितिया व्रतका लागि मानसिकरूपमा तयार भइसकेका छन्।

"सोलह सराध (सोह्रश्राद्ध) शुरु भयो नि..! हाम्रो जितियाको तयारी पनि शुरु भयो", कठोर जितिया व्रतको मानसिक तयारी गरिसक्नु भएकी भङ्गाहाजेर्–४ रामनगरकी अशीया चौधरी थारु भन्नुहुन्छ, "यसपालि कोरोनाले अप्ठ्यारो थपेको छ, त्यसैले पहिलेदेखि नै सामानको जोहोसँगै मन पनि बनाइराखेकी छु।"

असोज कृष्णपक्ष (पितृपक्ष) को अष्टमी शुरु हुनु एक घडी (करिब साढे दुई घण्टा) पूर्व शुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एक घडी कटाएर समापन गरिने मैथिल परम्परा छ। तिथिको घटबढले यो व्रत कहिलेकाहीँ ४० घण्टासम्मको भएको मिथिलानी बताउँछन्। पर्वमा निराहार व्रत शुरु गरिएपछि समापन नगरियुञ्जेल थुक निल्न, अञ्जानमै पनि किरा, फटयाङ्ग्रा र झारपात मार्न, चुँड्न नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ।

सन्तानको सौर्य वृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै शुरु हुने गरेको हो।

पहिले सन्तान (छोरा/छोरी)को कल्याण कामनार्थ गरिँदै आइएको यो व्रतपछि पुत्रका नाउँमा सीमित गरिएको महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण संस्कृत क्याम्पस (विद्यापीठ) का साहित्य विषयका उपप्राध्यापक ध्रुव राय बताउनुहुन्छ।

पर्वमा बर्तालुले अष्टमी तिथि शुरु हुन एक घडी पहिले दहीचिउरा खाइसक्नु पर्छ। बर्तालुले दहीचिउरा खाने यो विधिलाई मिथिलामा 'ओगटन' (दर) भनिन्छ। यो व्रत एक अहोरात्र कटाएर नवमी तिथि एक घडी नाघेपछि समापन गर्ने मैथिल परम्परा छ। यसअनुसार यसपालि आउने बुधबार राति १० बजेर ०९ मिनटको समयमा अष्टमी शुरु हुने हुँदा 'ओगटन' यसको एक घडीपूर्व गरिने छ। त्यसैगरी व्रतको दिन बिहीबार राति ११ बजेर १२ मिनटमा नवमी लागे पनि एक अहोरात्र कटाउने विधिले बर्तालुले शुक्रबार बिहान सूर्योदयसँगै समापन गर्नसक्ने छन्। यसअनुसार यसपालि ३६ घण्टाभित्रैको उपवास परेको छ। यो व्रतको महिमा जनजिब्रोमै रहने गरेको मिथिला संस्कृति र परम्पराका ज्ञाता एवं कर्मकाण्डी पुरोहित ब्राह्मण बर्दिबास नगरपालिका-२ का महेशकुमार झा बताउनुहुन्छ। मिथिलामा विद्यापति पञ्चाङ्ग, मिथिला पञ्चाङ्ग र अभिजित पञ्चाङ्ग (पात्रो) को आधारमा व्रत, कर्मकाण्डीय विधि र पर्व मनाउने परम्परा छ।

"तोहर माय जितिया कैने छौ त आ भिड" (तिम्री आमाले जितिया गरेकी छन् भने आउ भिड) मिथिला क्षेत्रमा हुने झैझगडामा एकअर्कोपक्षलाई ललकार्नु पर्‍यो भने यस्तै भनिन्छ। झैझगडा र ललकार्ने कुरा ठिक नभए पनि जितियाको महत्व भने यस्तो भनाइले उजागर हुने महोत्तरीकै भङ्गाहा नगरपालिका-५ स्थित माध्यमिक विद्यालय भङ्गाहाका प्रधानाध्यापक श्रीराम यादव बताउनुहुन्छ। "सन्तानको सौर्य वृद्धि र कल्याणको कामना गर्दै आमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ", प्रधानाध्यापक यादवले भन्नुभयो, "कुनै मानिस लुरे, डरछेरुवा वा हुतिहारा देखिए यसका लागि आमाले जितिया व्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्ने गर्छन्।" मिथिलामा यो व्रतबारे गरिने यस्ता टिप्पणीले पनि यसको महत्ता बुझ्न सकिने यादवको थप भनाइ छ।

सन्तान (पुत्र) को कल्याण र सौर्य वृद्धिको कामनासहित पुत्रवती मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा रहेको छ। यस व्रतमा पुरुषहरुले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरुले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने परम्परा रहेको भङ्गाहा-४ कै थारुटोल बनराकी ७० वर्षीया रामसुनरदेवी थारु बताउनुहुन्छ।

पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ। बर्तालुले दिवङ्गत सासू, जेठानी, बूढीसासू, नन्द-आमाजू र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरुको भनाइ छ। ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर' भन्ने कामना गरिन्छ।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिदै आइएको यो पर्वबारे अब पछिल्लो पुस्ताले बहस र तर्कवितर्क गर्न थालेका छन्। पर्वमा सन्तानका लागि नभनिएर पुत्रको कल्याण र सौर्य वृद्धिको कामना भनिने परम्परा रहेकाले यस पर्वले सन्तानभित्र नै लैङ्गिक विभेद गरेको भन्ने स्वर नयाँ पुस्ताको छ। पर्वको महत्ता र गरिमालाई अझ मजबुत बनाउन अब सन्तानका लागि भनेर व्रतको कामना गर्ने परम्परा बसाल्न पर्ने महिला जागरण क्षेत्रमा क्रियाशील रहँदै आएका अधिकारकर्मी बताउँछन्। वास्तवमा पहिलेका आमाहरुले सन्तानकै लागि यो व्रत शुरु गरेका भए पनि कालान्तरमा परिवार र समाजमा पुरुष प्रभुत्व बढ्दै गएपछि 'पुत्र' का लागि भन्न थालिएको महोत्तरीकै बर्दिबास नगरपालिका-९ पशुपतिनगरकी सामाजिक, राजनीतिक कार्यकर्ता दिपीयादेवी महतो बताउनुहुन्छ। आफूले पछिल्लो ३० वर्षदेखि गर्दै आएको यो पर्व 'पुत्र'का लागि मात्र नभएर सन्तानको कल्याणका लागि गरेको दिपीयाको भनाइ छ।

व्रत अवधिमा बर्तालुले राजा जिमुतवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी होउन् भन्ने कामना गर्छन्। अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जिमुतवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको मिथिला लोकसंस्कृति र परम्पराका ज्ञाता बताउँछन्। राजा जिमुतवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै शुरु भएको हुनसक्ने महोत्तरीको जलेश्वर नगरपालिका-६ बखरीका बासिन्दा पूर्वप्रशासक एवं साहित्यकार महेश्वर राय बताउनुहुन्छ।

भारतवर्षको प्रसिद्ध नर्वदा नदीले सिञ्चेको क्षेत्रलाई भविष्य पुराणले अत्यन्त पवित्र र उर्वरक्षेत्र उल्लेख गरेको छ। नर्वदा सभ्यता क्षेत्रमै द्वापरयुगमा प्रतापी राजा शालीवाहनका छोराका रुपमा देवदूत (देवताको अंश) लिएर जिमुतवाहन पैदा भएका र उनले दुष्टात्माहरुको संहार गरी धर्मनिष्ठहरुको संरक्षण गरेका कथाका आधारमा यिनको आराधनाले सन्तानको कल्याण हुने विश्वाससाथ 'जितिया' पर्व परम्परा शुरु भएको पूर्वप्रशासक महोत्तरीका वरिष्ठ पत्रकार ८० वर्षीय कृष्णाचन्द्र झा बताउनुहुन्छ। जितिया पर्वमा बर्तालुले यिनै प्रतापी राजा जिमुतवाहनको कुशको प्रतिमा स्थापित गरेर आराधना गर्दै कठोर व्रत पूरा गर्छन्। यो व्रतको महत्व र व्रत विधि भगवान् शङ्करले देवी पार्वतीलाई बताएपछि चलनमा आएको भविष्य पुराणमा उल्लेख छ।

जितिया मिथिलाको आम जनजिब्रोमा रहेको साझा पर्व हो। आमाका लागि सन्तान कति प्रिय छन् भन्ने दृष्टान्त पनि यो पर्वले दिने पछिल्लो पुस्ताका मिथिलानी पनि बताउँछन्। यद्यपि पुत्रको सौर्य वृद्धि र कल्याणमात्र नभनिएर सबै स्वैच्छिक व्रत बस्ने आमाहरुले यो सन्तानका लागि (छोराछोरी दुवैका लागि) गरिएको भन्न चाहिँ अब नछुटाउन मानअधिकार क्षेत्रमा कार्यरत महोत्तरीकै चिरपरिचित सामाजिक कार्यकर्त्ता रेखा झाको बर्तालु आमाहरुसँग आग्रह छ। यसले सबै सन्तान माया, स्नेह र अवसरका लागि समान हकदार छन् भन्ने सन्देश पनि प्रवाह हुने झाको विश्वास छ।

# नेविसंघले बिपी जयन्ती भव्यताका साथ मनाउने

काठमाडौँ, २२ भदौ (रासस)।

नेपाली काँग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले पार्टीका संस्थापक नेता एवं पूर्वप्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको १०७औँ जन्मजयन्ती भव्यताका साथ मनाउने भएको छ।

नेविसङ्घका अध्यक्ष राजीव ढुङ्गानाले सोमबार एक विज्ञप्ति जारी गरी जननायक बिपी कोइरालाको १०७ औँ जन्मजयन्ती भदौ २४ गते देशभर भव्यताका साथ मनाउन नेविसङ्घ जिल्ला समितिलाई निर्देशन दिनुभएको हो। नेविसङ्घले बिपी जन्मजयन्तीका अवसरमा विभिन्न प्रविधिका माध्यमबाट बिपी कोइरालाको योगदान तथा व्यक्तित्व सम्बन्धमा गोष्ठी, छलफल गर्ने, वृक्षरोपण, रक्तदान, वृद्ध र बिरामीलाई फलफूल वितरण गरी भव्यताका साथ मनाउन सबै जिल्ला समितिलाई परिपत्र गरेको छ।

यस्तै नेविसङ्घले अविरल वर्षासँगै गएको बाढी, पहिरोका कारण विस्तापित भएका तथा लामो समयको बन्दाबन्दी र निषेधाज्ञाका कारण दैनिक जीवनयापन कष्टकर भएकालाई राहत तथा विभिन्न सहयोग गर्न आह्वानसमेत गरेको छ। अध्यक्ष ढुङ्गानाले सामाजिक दूरी कायम राखेर बिपी जयन्ती मनाउन सबै जिल्ला समितिलाई आग्रह समेत गर्नुभएको छ।

## चार किल्ला ...

पछिल्लो पटक राजविराज नगरपालिकामा ७ दिनका लागि निषेधाज्ञा थपिएको छ भने अन्य स्थानिय निकायको हकमा सम्बन्धीत स्थानिय तहका प्रमुखले स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड अनुसार भिडभाड नगरि, सामाजिक दुरी कायम गर्दै, अत्यावश्यक सेवा र सामाग्रिका पसल तथा संस्थाहरु खोल्न सक्ने अनुमति दिन सक्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

# दैनिक रु ३ करोड वढी गुमाउँदै होटल रेष्टूरेन्ट

चितवन, २१ भदौ (रासस)।

जिल्लामा रहेका होटल रेष्टूरेन्टले दैनिक रु ३ करोड भन्दा वढि गुमाउन वाध्य भएका छन्। पर्यटकीय र सर्बसाधारणलाई सेवा दिंदै आएका जिल्लाका साना ठूला होटल रेष्टूरेन्ट कोरोना नियन्त्रणका लागि गरिएको निषेधाज्ञाका कारण वन्द छन्।

देशकै तेस्रो पर्यटकीय क्षेत्र सौराहा सहित जिल्लाका १ हजार २ सय ५० होटल रेष्टूरेन्ट गएको चैत्र यता वन्द छन्। पर्यटन क्षेत्रको अध्यन अनुसन्धान गर्दै आउनु भएका विश्व सुवेदीका अनुसार जिल्लामा पर्यटकीय होटलको संख्या २ सय २५ वटा रहेका छन्। ती होटल मध्ये सबै भन्दा वढि रत्ननगरको सौराहामा १ सय १० वटा रहेका छन्। सौराहा वाहेक रत्ननगर क्षेत्रमा पर्यटकीय होटल संख्या २९ वटा छन्।

सुवेदीले भरतपुर महानगरमा ६५ वटा, कालिकामा २ वटा ,खैरहनीमा ३ वटा, माडीमा ३ वटा, राप्ती नगरपालिकामा ३ वटा र इच्छ्याकामना गाउँपालिकामा ११ वटा पर्यटकीय होटल रहेको जानकारी दिनुभयो। ती होटलमा पर्यटकीय मौषममा दैनिक रु १ करोड ५० लाख वढी कारोवार हुने उहाँको भनाई छ। अन्यमा त्यतिनै व्यपार हुने सुबेदी वताउनुहुन्छ।

यसका अतिरिक्त पर्यटकीय गतिबिधिहरू जिप सफारी, डुङ्गा सफारी, हात्ती सफारी, वस लगाएतमा रु ३० लाख हाराहारी दैनिक कारोवार हुने व्यवसायीहरू वताउँछन्। सुवेदीले जिल्लामा होटल रेष्टूरेन्टमा १६ हजार मजदुर कार्यरत रहेको अध्ययनले देखाएको जानकारी दिनुभयो। ती होटल रेष्टूरेन्टमा रु ३० अर्ब भन्दा वढि लगानी छ। जस मध्ये ४० प्रतिशत भन्दा वढि वैंकिङ् ऋण रहेको सुबेदी वताउनुहुन्छ।

क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष दिपक भट्टराई यहाँ चैत देखि असार १५ सम्म पर्यटकीय मौषम मानिन्छ। त्यस पछि भदौ १५ सम्मलाई पर्यटकीय मौषम मानिदैन। त्यतिवेला पनि आधा व्यापार हुने भट्टराईको भनाई छ। भदौ १५ पछिको यो समय पर्यटकीय मौषम हो।

उहाँले भन्नुभयो "यो मौषम पनि त्यत्तिकै जाने भो।" गत वर्षहरूमा यतिवेला सौराहामा पर्यटक राम्रो चहलपहल हुने गर्दथ्यो। अहिले होटल चौकिदारले कुरेर मात्रै वसेका छन्। भट्टराईले गुनासो गर्नुभयो "दशैको समयमा स्वदेशी पर्यटक आउँछन् भन्ने आस थियो। त्यो पनि हरायो।"

क्षेत्रीय होटल संघका निवर्तमान अध्यक्ष सुमन घिमिरे बिचमा केही समय होटल खोल्दा झनै नोक्सान भएको बताउनुहुन्छ। बातावरण पूर्ण सहज नभए सम्म होटल खोल्न नहुने भन्दै उहाँले अहिलेको घाटा परिपूर्ती गर्न निकै कठिन भएको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो "बैंकहरूले ऋण थप गरिदिए भने होटलको तिर्नुपर्ने चालु खर्च तिरेर स्तर उन्नती गर्ने तयारीमा छु।" सबै होटल संञ्चालकहरूको अबस्था घिमिरेको जस्तै रहेको छ।

व्यवसायीको व्यवसाय मात्रै होईन मजदुरको आवस्था पनि दयनिय वन्दै गएको छ। सबै वेरोजगार भएका छन्। उनीहरू दैनिकी कष्टकर वन्दै गएको छ। ट्रेड युनीयन काङ्ग्रेस चितवनका अध्यक्ष हरिहर सापकोटा मजदुरको अबस्था निकै दयनिय भएको वताउनुहुन्छ। होटल रेष्टूरेन्टमा काम गर्ने मजदुरहरूले तलव पाउन नसक्दा दैनिकी चलाउन नै मुस्किल परेको सापकोटाको भनाई छ।

जिल्लामा आन्तरिक र वाह्य पर्यटक कति आउँछन् बास्तिबिक तथ्याङ्क छैन। चितवन राष्ट्रिय निकुञ्जमा घुम्नेहरू वार्षिक २ लाख हाराहारी छन्। निकुञ्ज नघुम्ने तर जिल्लामा आउने कुल संख्या ५ लाख माथि हुने गरेको व्यवसायी वताउँछन्।

**थला पर्ने अवस्थामा सौराहाको पर्यटन**

नेपालको पर्यटनको महत्वपूर्ण हिस्सा ओगटेको सौराहा कोभिड-१९ का कारण थला पर्ने अवस्थामा पुगेको छ। करिब ३ महिनाको लामो लकडाउनपछि विस्तारै होटलहरू सञ्चालनमा आउन थालेको भएपनि पछिल्लो समय जारी भएको निषेधाज्ञासँगै यहाँको पर्यटन थला नै परेको व्यवसायीहरू बताउँछन्।

जारी निषेधाज्ञा भन्दाअघि सौराहाका केही व्यक्तिमा कोरोना पोजेटिभ देखिएसँगै यहाँको स्थानीय तहले यस क्षेत्र सिल गरेको थियो। तर, अहिले सौराहा कोरोनामुक्त भइसकेको छ। चैत्रको दोस्रो सातादेखि नै यहाँका होटल तथा रेष्टुरेष्टहरू बन्द छन्।

कोरोना भाईरसको त्राससँगै फट्टा-फुट्टा मात्र अन्तरिक पर्यटक आउने गरेका थिए। अफसिजनको समयमा बाह्य पर्यटक भन्दा पनि आन्तरिक पर्यटकले धानिदै आएको सौराहामा लामो समयको बन्दाबन्दीले गर्दा यहाँका व्यवसायीहरू निराश बनेका छन्। सौराहामा असारदेखि असोजसम्मको समय अफ सिजनका रूपमा लिइन्छ। व्यवसायभन्दा पनि स्वास्थ्य ठूलो भएको भन्दै असोजसम्म नै होटल बन्द गर्ने निष्कर्षमा पुगेका होटल व्यवसायीहरू बैंकको कर्जाका कारण चिन्तित बनेका छन्।

पर्यटन व्यवसायी टिकाराम गिरीले पर्यटन व्यवसायको अम्दानीलाई नै आयस्रोत देखाएर बैंकबाट कर्जा लिएको बताउनुभयो। पर्यटक नभएपछि अहिले सबै जसो होटल तथा रेष्टुरेष्टहरूमा ताला लागेको उहाँको भनई छ।

बैंकको ब्याज तिर्न नसक्दा ठुलो मर्का परेको छ, उहाँले भन्नुभयो,'राज्यले ब्याजमा छुट हुने भनेपनि त्यसो भएन। कर्जाका कारण पर्यटनका संरचना जोगाएर राख्नै कठिन भयो।'

बैंकबाट कर्जा लिएर पर्यटन संरचना बनाई रहनु भएका व्यवसायी नगेन्द्र चापागाईको पीडा पनि उस्तै छ। उहाँ अहिले एकपटक २ हजार जना अटाउने सभाहल निर्माण गर्दै हुनुहुन्छ। सभाहलको निर्माण कार्य त रोकिएको छ नै यो भन्दा चिन्ता उहाँलाई बैंकको ब्याज भएको छ।

पर्यटन व्यवसायीलाई राज्यले राहत दिनुपर्ने उहाँ बताउनुहुन्छ। यति लामो समयसम्म बन्दाबन्दी हुन्छ भन्ने सोचेका थिएनौं, उहाँले भन्नुभयो, 'कोरोनाले अझै केही समय पर्यटक आउने वातावरण नबन्ने भएकाले यहाँको पर्यटन थला परिसकेको छ। व्यवसायी साथीहरू होटलहरू विक्री गर्नेसम्म पुग्नु भएको सुनेको छु।'

अर्का व्यवसायी रमेश दाहाल कोरोनाले अति प्रभावित भएको क्षेत्र पर्यटन भएको बताउनुहुन्छ। सरकारले ब्याजमा छुट गर्न बैंकहरूलाई आह्वान गरेसँगै चैत्र, बैशाख र जेठ महिनामा २ प्रतिशत छुट पाएको उहाँको भनाई छ।

असारदेखि बैंकहरूले कुनै छुट नदिएपछि ब्यवसाय थप धरासीय बनेको बताउनुभयो। पर्यटन क्षेत्रलाई जोगाउन सरकारको ध्यान पुग्न जरुरी रहेको छ-उहाँले भन्नुभयो।

क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष दिपक भट्टराईले पर्यटन वर्ष २०२० मा चितवनमा मात्रै ४ लाख पर्यटक भित्र्याउने गरी बैंकबाट कर्जा लिई संरचना निर्माण काम थालिएको बताउनुभयो। अहिले बैंकबाट आउने ताकेताले मानसिक असर परेको छ, उहाँले भन्नुभयो,' न साँवा फिर्ता गर्न सक्छौ, न त ब्याज नै। होटल खोलेर मात्रै पनि भएन। अहिले पर्यटक आउने सम्भावना नै छैन।'

विद्युतको महशुल बुझाउन नसक्ने अवस्थामा व्यवसायी पुगेको उहाँ बताउनुहुन्छ। विद्युत महशुल बुझाउन नसकेपछि विद्युत प्रधिकरणले लाईन काट्न सुरु गरेको-उहाँले भन्नुभयो।

थला परेको यहाँको पर्यटन व्यवसाय उठ्न करिब २ वर्ष लाग्ने उहाँको भनाई छ। यसको सहजीकरणका लागि सरकारले रि-लोनको व्यवस्था गरी बैंकको किस्ता पछि तिर्न मिल्ने गरी नीति ल्याउन जरुरी छ। अध्यक्ष भट्टराईले साना र ठुला पर्यटन व्यवसायीलाई समान रूपमा यो सुविधा दिन जरुरी छ। नेपालको तेस्रो पर्यटकीय क्षेत्रको रूपमा परिचित सौराहामा साना ठुला गरी १ सय २० वटा होटल तथा ५७ वटा रेष्टुरेष्ट रहेका छन्।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### बेलायतमा कोभिड -१९ का सङ्क्रमित फेरि बढे

लन्डन, २२ भदौ (रासस/एएनआई)।

बेलायतमा फेरि पनि कोभिड १९का सङ्क्रमितहरुको संख्या बढ्न थालेको लन्डनबाट प्राप्त भएको समाचारमा जनाइएको छ।

प्राप्त पछिल्लो समाचारअनुसार बेलायतमा गएको २४ घन्टा यतामात्र करिब दुई हजार ९८८ जना कारोना भाइरसका नयाँ सङ्क्रमित फेला परेका छन्। यो सङ्ख्या बेलायतमा भेटिएका कोरोनाका सङ्क्रमितहरुको पछिल्ला केही दिनयताको भन्दा निकै धेरै भएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन्।

यहाँ गएको मे महिनाको २२ तारिखका दिनमा तीन हजार २८७ जना सङ्क्रमित देखिएका थिए। त्यसपछि यति ठूलो सङ्ख्या आइतबार त्यहाँ नयाँ सङ्क्रमितहरु थपिएका बताइएको छ।

यहाँ अहिलेसम्मका सङ्क्रमितको सङ्ख्या तीन लाख ४७ हजार १५२ जना पुगेको छ। यहाँ यस सङ्क्रमणबाट भएको मृत्युको सङ्ख्या ४१ हजार ५५१ जना पुगेको बताइएको छ। बेलायतका स्वास्थ्यमन्त्री म्याट हानकोकले आइतबार देखिएको यो पछिल्लो सङ्ख्या निकै खतरनाक हो भन्नुभयो।

उहाँले केही समययतादेखि यहाँ सङ्क्रमितहरु नदेखिएकोमा आइतबार अकस्मात ठूलो सङ्ख्यामा देखिएकोले यसले अब यहाँ पनि सङ्क्रमितको सङ्ख्या बढ्दै जाने हो कि भन्ने डर बढाएको बताउनुभएको छ।

लन्डनमा कोभिड -१९को अवस्था सामान्यजस्तो देखिएकोले यहाँको जनजीवनलाई पनि सामान्य बनाइएको थियो। गएका केही हप्तादेखि यहाँ सामान्य रुपमा मात्र सङ्क्रमित देखिएका थिए।

### खशोग्गीको हत्या प्रकरणमा आठ व्यक्तिलाई जेल सजाय

रियाद, २२ भदौ (रासस/एएफपी)।

साउदी अदालतले सोमबार सन् २०१८ साउदी अरबका पत्रकार जमाल खशोग्गीको हत्या गरेको आरोपमा आठ जना प्रतिवादीलाई सात वर्षदेखि २० वर्षसम्मको जेल सजाय सुनाएको त्यहाँको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

सार्वजनिक अभियोजन सेवालाई उद्धृत गर्दै साउदी प्रेस एजेन्सीले भनको छ, "अपराधीमध्ये पाँच जनालाई २० वर्ष जेल र अन्य तीनलाई सातदेखि १० वर्ष जेल सजाय दिइएको छ।"

यस पहिले उक्त मुद्दामा साउदी अरबको एक अदालतले पाँच जनालाई मृत्युदण्डको फैसला सुनाएको थियो।

अदालतको अन्तिम फैसला खशोग्गीका छोराहरूले आफूहरूले हत्यारालाई 'माफी' दिएको बताएको केही महिनापछि आएको छ। उनीहरूले गत मेमा आफ्ना पिता तथा अमेरिकी पत्रिका वाशिङ्टनका लागि काम गरेका प्रसिद्ध साउदी पत्रकार खशोग्गीका हत्याराहरूलाई 'माफी' दिएको बताएका थिए।

### कोरोना भाइरसविरुद्धको रुसी खोप भारतमा पनि परीक्षण गरिने

मस्को, २२ भदौ (रासस/एएनआई)।

रुसमा विकास गरिएको कोरोनाभाइरसविरुद्धको खोप भारतसहितका केही देशहरूमा पनि परीक्षण गरिने भएको छ।

स्पुत्निक पाँच नाम दिइएको सो खोपको भारतसहितका केही देशमा यसै महिनामा परीक्षण गर्न लागिएको रुसी अधिकारीहरूले जनाएका छन्।

रुसी लागानी कोषका प्रमुख कार्यकारी अधिकृत किरिल दिमित्रिभले सोमबार दिएको जानकारीअनुसार भारत बाहेक साउदी अरब, युनाइटेड अरब इमरेट्स् (यूएई), फिलिपिन्स, ब्राजिलमा पनि खोपको परीक्षण हुन लागेको हो।

यो खोपको पहिलो र दास्रो चरणको परीक्षण रुसमै भएको थियो। अब तेस्रो चरणको परीक्षण गर्न लागिएको उहाँले बताउनुभयो।

यो परीक्षणको नतिजा आगामी अक्टोबरदेखि नोभेम्बरसम्ममा प्रकाशित हुनसक्ने उहाँले जानकारी दिनुभयो।

सो कोषले गत अगस्ट ११ मा यो खोप विकास गरिएको घोषणा गरेको थियो। सो घोषणासँगै विश्वभरी आशा र खुशीयाली छाएको थियो। अहिलेसम्मको परीक्षणमा सकारात्मक नतिजा आएकाले यो खोप उपयोगी हुनसक्ने विश्वास गरिएको छ।

# ‘कोरोना केही होइन भन्ने रूपमा लिनु हुँदैन’

काठमाडौँ, २२ भदौ (रासस)।

कोभिड-१९ बाट सङ्क्रमणमुक्त हुनुभएका विराट मेडिकल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्रमान सिंह कार्कीले यसलाई केही होइन भन्ने रूपमा लिनु नहुने बताउनुभएको छ। आफू मृत्युको मुखमा पुगेर पनि फर्किएर आएको भन्दै उहाँले यसबाट सजग रहन सबैलाई अनुरोध गर्नुभयो। अहिले पनि धेरैले कोभिड भनेको केही होइन भन्ने सोचेर यसलाई वेवास्ता गरिरहेको उहाँको भनाइ छ।

कतिपय चिकित्सकले पनि बेसार पानी वा कागती पानी खाए केही केही हुँदैन भन्दै पूर्वसावधानी अपनाउन ध्यान नदिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “सजग हुँदा डराउनुपर्ने अवस्था नहोला तर यसलाई केही होइन भनेर वेवास्ता गर्ने भूल गर्नु हुँदैन।”

कतिपयमा व्यक्तिमा कोभिडले जवान व्यक्तिलाई असर गर्दैन र दीर्घरोगी, ज्येष्ठ नागरिक र बालबालिकालाई मात्रै असर गर्छ भन्ने भ्रम रहेको पाइन्छ। तर यो रोगले कसैलाई नछाड्ने उहाँको भनाइ छ। आफू कोभिड बिरुद्ध अभियन्ता भएर सिकाउँदै हिँडेको भएपनि सङ्क्रमित भएको र समयमा राम्रो उपचार नपाएको भए आज जेसुकै हुनसक्ने उहाँले सुनाउनुभयो। उहाँले भन्नुभयो, “ सामाजिक दूरी कायम गर्ने, मास्क, सेनेटाइजरको प्रयोग गर्ने सुझाव दोहोराउन चाहन्छु।”

विराट मेडिकल कलेजले सय बेड कोभिड अस्पतालका लागि छुटयाएको डा. काकीले बताउनुभयो। कसैलाई कोरोना लागेमा मनोबल गिराउने काम गर्नु हुँदैन। उहाँले भन्नुभयो, “एक दुई पटक गर्दा गल्ती तर पटक पटक गर्दा त्यही कुरा अपराध हुन्छ।”

नेपालमा स्रोत साधन नभएपनि मृत्युदर अरु देशभन्दा कम रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “हालसम्म निको भएको व्यक्ति ३० हजारभन्दा बढी रहेको छ।” कोरोना अरु भाइरसजस्तै पूर्णरूपमा निको नहुने हुँदा यससँगै जीवनयापन गर्नुपर्ने डा. कार्कीले बताउनुभयो। सामाजिक सञ्जालमा डर नफैलाउन पनि उहाँले सबैलाई अनुरोध गर्नुभयो। देशभरका २० मेडिकल कलेजमा जनशक्ति र संरचना रहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “सरकारले आवश्यकता महसुश गर्दा मेडिकल कलेजसँगै अघि बढ्न तयार छ।”

# कोशीको बाटो हुँदै लैजाँदै गरेको ३३ बोरा मटर बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौं।**

नेपालबाट भारततर्फ कोशीको बाटो हुँदै डुङ्गामार्फत सोमबार लैजाँदै गरेको ३३ बोरा हरियो मटर प्रहरीले बरामद गरेको छ।

तस्करहरुले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ६ स्थित कोशी नदीको बाटो हुँदै बिहान ४ बजेतिर लैजादै गरेको अवस्थामा उक्त परिमाणको हरियो मटर प्रहरीले बरामद गरेको हो।


हनुमाननगरबाट खटिएको प्रहरी टोलीलाई देख्ने बित्तिकै

इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरी टोलीलाई देख्ने बित्तिकै तस्करहरु भने फरार भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यता बरामद मटर सोमबारै आवश्यक प्रक्रिया पूरा गरि बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ।

दुई साताअघि पनि सोही क्षेत्रबाट डुङ्गामा राखी भारततर्फ चोरी तस्करी गरि लैजादै गरेको अवस्थामा १ सय ७५ बोरा हरियो मटर सशस्त्र प्रहरीले बरामद गरेको थियो।

# सिरहामा कोरोना संक्रमित थप दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २२ भदौं।**

सिरहामा कोरोना संक्रमित थप दुईको मृत्य भएको छ। योसँगै सिरहामा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या आठ पुगेको छ।

मृत्यु हुनेमा सिरहाको मिर्चैया नगरपालिका ५ का ६२ वर्षीय र गोलबजार नगरपालिका ३ जमदहका ७७ वर्षीय पुरुष रहेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ।

मिर्चैयामा ग्यास व्यवसायी सञ्चालन गर्दै आएका ६२ वर्षीय पुरुषको उपचारका क्रममा आइतबारराति जनकपुरस्थित प्रादेशिक अस्पतालमा र गोलबजारका ७७ वर्षीय पुरुषको काठमाडौँमा उपचारका क्रममा मृत्यु भएको हो।

मधुमेह र निमोनियाबाट ग्रसित ७७ वर्षीय पुरुषलाई उपचारका लागि काठमाडौँ पुऱ्याएर कोरोना जाँच गर्दा पोजेटिभ देखिएको थियो।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौँ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**बोदेबरसाईन नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*